# आई.पि.एम. कृषक पाठशाला सञ्चालन नर्मस्, २०८१

*(मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८१/०९/०४)*

**प्रस्तावनाः** एकीकृत शत्रुजीव व्यवस्थापनको सिद्धान्त अनुरुप वातावरणीय सन्तुलन कायम राखी रोग-किरा तथा झारपात जस्ता बाली बिरुवाका शत्रुजीवहरुको व्यवस्थापन प्रविधिबारे निर्णय लिन सक्ने क्षमता कृषकहरुमा विकास गर्ने उद्देश्यले एक बाली अवधिभर आई.पि.एम. कृषक पाठशाला कार्यक्रम सञ्चालनार्थ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो नर्मस् बनाएको छ।

**उद्देश्य**

कृषिमा प्रमाणित भएका उन्नत प्रविधिहरु स्थलगत रुपमा सहभागितात्मक कृषि प्रसारको माध्यमबाट कृषि प्राविधिकहरुले कृषकहरुमा र कृषकबाट कृषकहरुमा नै जानकारी तथा चेतना जगाई प्रविधि हस्तान्तरणमा कृषक स्वयंलाई आ-आफ्नो खेतबारीमा कृषि पर्यावरण विश्लेषण **(Agro-Ecosystem Analysis, AESA)** द्वारा शत्रु जीवहरुको व्यवस्थापनमा कृषक स्वंयलाई दक्ष बनाउनु र दिगो रुपमा पर्यावरणलाई जोगाई कृषि उत्पादनमा वृद्धि एवं खाद्य सुरक्षामा सहयोग पुर्‍याउनु यस कार्यक्रमको मूलभुत उद्देश्य रहेको छ ।

**लक्षित वर्ग:** कृषक समूह र समुदाय

**प्राविधिक पक्ष**

- कृषक पाठशाला सञ्चालन गर्नु अगाडी आई.पि.एम. सहजकर्ता **(IPM Facilitator)**, जनप्रतिनिधि, विषय विशेषज्ञ **(SMS)** समेत स्थलमा गई जिल्ला वा सम्बन्धित स्थानीय तहले निर्धारण गरेका पकेट क्षेत्रहरुमा गठन भई सकेका, पुनर्गठन गर्नुपर्ने भए सो गरी नयाँ कृषक, महिला वा मिश्रित समूहको समेत सहभागिता हुने गरी २५ जनाको कृषक समूह छनोट गर्न २ पटक अन्तरक्रिया गोष्ठी गर्नुपर्नेछ। समूह छनोट भइसकेपछि १ पटक सिजनल योजना गोष्ठी गर्नु पर्नेछ।
- तुलनात्मक अध्ययन तथा परीक्षणहरु सञ्चालन गर्न अन्नबालीको लागि पहाडमा ५०० वर्ग मिटर तथा तराईमा १००० वर्ग मिटर र आलु/तरकारीको लागि ५०० वर्ग मिटरको खेत/बारी छनोट गर्नुपर्नेछ। कृषकहरु भेला भई छलफल गर्ने स्थानको समेत निर्धारण गर्नुपर्नेछ ।
- आई. पि. एम कृषक सहजकर्ता भएको जिल्लामा तालिम प्राप्त कृषक सहजकर्ताहरुलाई सम्झौता गराई जिम्मेवारी दिई पाठशाला सञ्चालन गराउन सकिनेछ ।
- बाली अवधिभर कृषक समूहले निर्धारण गरेको हप्ताको एक दिन बिहान ७ बजेदेखि १२ बजे सम्म अध्ययन र पाठशाला सञ्चालन गर्नुपर्नेछ ।
- हरेक बालीमा बाली नभित्र्याउँदै अन्य कृषकहरुमा यस प्रविधिको विस्तार गर्ने उद्देश्य राखी आमन्त्रित पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थल भ्रमण, स्टल निरीक्षण, सांस्कृतिक कार्यक्रम नजर गराई कृषक दिवस

मनाउँदा तथा अन्तिम बाली पछिको कृषक दिवसमा सहभागी कृषकहरुलाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह सञ्चालन गर्नुपर्नेछ।

- कार्यक्रम सम्पन्न भए पश्चात कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले उपलव्ध गराएको ढाँचा वा खाका बमोजिम प्रतिवेदन पेश गर्नुपर्नेछ।
- आई. पि. एम. कार्यक्रमलाई कृषक स्तरमा पुऱ्याई निरन्तरता दिन र कार्यक्रमको दिगोपनाको लागि सोही समूहमा अर्को वर्षदेखि अनुसरण **(Follow-up)** कार्यक्रम, कृषक र विज्ञान **(Farmer & Science)** कार्यक्रम, पोष्ट हार्भेष्ट प्रविधि सम्बन्धी कार्यक्रम समेत सञ्चालन गर्न सकिनेछ ।

**कार्यक्रमको सम्भाव्य प्रतिफल र प्रभाव**

- जिल्ला वा सम्बन्धित स्थानीय तहले निर्धारण गरेका पकेट क्षेत्रहरुमा कृषक समूह मार्फत कृषिमा उन्नत प्रविधिहरु स्थलगत रुपमा अध्ययन परीक्षणहरु राखी कृषक सहभागिता र छलफल गरी आ-आफ्नो खेतको पर्यावरणको अध्ययन गरी विषादीको प्रयोगमा निरुत्साहित हुने।
- विषादीको खपतमा कमी हुन पुगेको खण्डमा विषादीको अत्यधिक प्रयोगले वातावरणमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण हुनुका साथै विषादी आयात खर्च र स्वास्थ्य सुधार खर्चमा समेत कमी आउने।
- उत्पादन लागत घट्ने ।
- कृषकको ज्ञान र सीपमा वृद्धि हुने ।
- उत्पादन र आम्दानी बढ्ने ।
- कृषक समूहहरुको सबलीकरण भई सहकारी उन्मुख हुने ।

**आर्थिक पक्ष**

आई.पि.एम कृषक सहजकर्ता (IPM Farmer Facilitator) मार्फत सञ्चालन हुने वार्षिक आई.पि.एम कृषक पाठशाला (IPM FFS) को नर्मस् देहाय बमोजिम हुनेछ।

| **कृषक सहजकर्ताद्वारा वार्षिक IPM FFS सञ्चालनको लागि पूर्व तयारी बैठक/अन्तरक्रिया गोष्ठीको खर्च विवरण** | | |
|---|---|---|
| **क्र.सं.** | **क्रियाकलापहरु** | **खर्च रकम रु.** |
| १. | **स्थलगत कृषक अन्तरक्रिया गोष्ठी (२ पटक), गोष्ठीमा छलफल हुने विषयहरुः आई. पि. एम.को महत्व, बाली पात्रो र आधारभूत तथ्याङ्क संकलन, समूहको महत्व, लैङ्गिक विश्लेषण, समस्या पहिचान, कार्यक्रम कार्ययोजना तयारी** | **२४,८००** |
| क) | पहिलो पटक अन्तरक्रिया गोष्ठी गर्न ४० जना कृषक सहभागीहरुलाई चियापान रु. २०० का दरले | ८,००० |
| ख) | दोश्रो पटक अन्तरक्रिया गोष्ठी गर्न ३० जना कृषक सहभागीहरुलाई चियापान रु. २०० | ६,००० |

| | | |
|---|---|---|
| | का दरले | |
| ग) | फरक मितिमा २ पटक सम्म उल्लिखित विषयमा गोष्ठी सञ्चालन गर्दा आवश्यक रजिष्ट्रर, कपी, स्केल, डटपेन, सिसाकलम, मार्करपेन, चार्ट पेपर | २,००० |
| (घ) | गोष्ठी सञ्चालन गर्दाको भत्ता बापत प्रति व्यक्ति प्रति दिन रु. १४०० का दरले २ जना आई.पि.एम कृषक सहजकर्तालाई २ दिनको जम्मा | ५,६०० |
| ङ) | गोष्ठी सञ्चालन गर्न बाली संरक्षण प्रयोगशाला वा कृषि ज्ञान केन्द्र वा सम्बन्धित स्थानीय तहबाट सहभागी अधिकृत स्तरको आई.पि.एम सहजकर्तालाई दैनिक भ्रमण भत्ता प्रति व्यक्ति प्रति दिन रु. १६०० का दरले १ जना १ दिन | १,६०० |
| च) | आई.पि.एम. कृषक सहजकर्तालाई यातायात खर्च २ दिनको लागि प्रति दिन रु. ४०० का दरले २ जनालाई | १,६०० |

| **पहिलो बालीका लागि कृषक सहजकर्ताद्वारा IPM FFS सञ्चालन सम्बन्धी खर्च विवरण** | | |
|---|---|---|
| **क्र.सं.** | **क्रियाकलापहरु** | **खर्च रकम रु.** |
| **१.** | **पहिलो बालीको IPM FFS सञ्चालनका लागि १ दिने Seasonal Planning गोष्ठी गर्न** | **११,५००** |
| क) | २७ जना (२५ जना कृषक र २ जना सहजकर्ता) को लागि खाजा खर्च रु २०० का दरले | ५,४०० |
| ख) | २५ जना कृषकहरुका लागि रु. १०० का दरले स्टेशनरी | २,५०० |
| ग) | गोष्ठी सञ्चालन गर्न कृषक सहजकर्तालई भत्ता बापत प्रति व्यक्ति प्रति दिन रु. १४०० का दरले २ जना १ दिनको | २,८०० |
| घ) | आई. पि. एम. कृषक सहजकर्तालाई यातायात खर्च १ दिनको लागि रु. ४०० का दरले २ जनालाई | ८०० |
| **२.** | **कृषक पाठशाला संचालन गर्न** | **१,९०,४००** |
| क) | २५ जना कृषक र २ जना सहजकर्ताहरुलाई रु. २०० का दरले १६ दिन (हप्ताको १ दिनको दरले १६ हप्ता सम्म) सम्म चिया तथा खाजा खर्च | ८६,४०० |
| ख) | पाठशाला सञ्चालनको लागी बीउ बिजन, बेर्ना, कम्पोष्टमल, मलखाद, सिंचाई, बोर्ड तथा अन्य सामाग्रीहर, प्लाष्टिक ड्रम, साईन बोर्डहरु, जैविक विषादी,, सुक्ष्म खाद्य तत्व, हर्मोन,, पेग, प्लाईउड बोर्ड, रंगिन कलम, ब्राउन पेपर, गमला, स्केल ठूलो, पोलिथिन व्याग, रवर व्याण्ड, जाली कपडा, मार्कर पेन, कैंची, धागो, फोटोकपी पेपर, मास्किङ्ग टेप, भाइल, गम, विभिन्न प्रकारका मोहिनी पासो लगायतका सामाग्रीहरु र आवश्यकता अनुसार रासायनिक विषादी आदि खरिद | ४०,००० |
| ग) | २ दिनमा ४ वटा विषेश कक्षा सञ्चालन गर्ने श्रोत व्यक्तिलाई पारिश्रमिकः प्रति कक्षा रु.१६०० का दरले (कार्यपत्र सहित) | ६,४०० |
| घ) | आई. पि. एम कृषक सहजकर्तालाई पारिश्रमिक २ जनालाई प्रति व्यक्ति रु.१४०० का | ४४,८०० |

| | | |
|---|---|---|
| | दरले १६ हप्ताको | |
| च) | आई. पि. एम कृषक सहजकर्तालाई यातायात खर्च १६ हप्ता सम्मको लागि दिनको रु. ४०० का दरले २ जनालाई | १२,८०० |
| **३.** | **कृषक दिवस सञ्चालन गर्न** | **२३,३००** |
| क) | आमन्त्रित जनप्रतिनिधि, अतिथि तथा अन्य सहभागी कृषकहरु गरी जम्मा ७५ जनालाई रु. २०० का दरले चियापान खर्च | १५,००० |
| ख) | व्यवस्थापन खर्चः स्टेज निर्माण, साउण्ड सर्भिस, कुर्चि, टेवल, भाँडा, साँस्कृतिक कार्यक्रमका लागि ग्राफ-चार्ट पेपर, ध्वजापताका, निमन्त्रण कार्ड लगायतका आवश्यक सामग्रीका लागि | ४,५०० |
| ग) | २ जना कृषक सहजकर्तालाई पारिश्रमिक रु.१४०० का दरले १ दिनको | २,८०० |
| घ) | पाठशालाको प्रतिवेदन तयारी फोटोकपी, बाइण्डिङ्ग (दुई प्रति) | १,००० |

**नोटः** यदि अधिकृत वा सहायकस्तर (जे.टी./जे.टी.ए.) आइ. पि. एम. सहजकर्ताबाट पाठशाला सञ्चालन गरिएमा सहजकर्ता संख्या १ मात्र रहनेछ र कृषक सहजकर्ताले सञ्चालन गरेको पाठशालामा अधिकृत वा सहायकस्तर (जे.टी./जे.टी.ए.) आइ. पि. एम. सहजकर्ता श्रोत व्यक्तिको रुपमा रहेमा भ्रमण खर्च नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

**विशेष बालीहरुमा कृषक पाठशाला सञ्चालनको लागि विशेष व्यवस्था**

विशेष बालीहरुमा कृषक पाठशाला सञ्चालन गर्दा माथि दिइएका नर्मस्‌हरुमा तपसिल अनुसार हेरफेर गर्नुपर्नेछ।

<u>तपसिलः</u>

१. फलफूल बाली वा मौरीमा **IPM FFS** सञ्चालन गर्दा **Seasonal Planning Meeting** भन्दा अगाडी गरिने दुईवटा गोष्ठीलाई **Seasonal Planning** गोष्ठीमा नै मिसाई एकै पटक मात्र हुनेछ ।

२. आलु, अदुवा र बेसारमा **IPM FFS** सञ्चालन गर्दा बीउको निम्ति छुट्टै रु. १०,०००/- थप गर्न सकिनेछ ।